# सार्वजनिक सुरक्षा ऐन, २०४६ लाई संशोधन गर्न बनेको विधेयक

प्रस्तावना : सार्वजनिक सुरक्षा ऐन, २०४६ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

संघीय संसदले यो ऐन बनाएको छ ।

१. संक्षिप्त नाम र प्रारम्भ : (१) यस ऐनको नाम "सार्वजनिक सुरक्षा (तेस्रो संशोधन) ऐन, २०७५" रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. सार्वजनिक सुरक्षा ऐन, २०४६ को प्रस्तावनामा संशोधन : सार्वजनिक सुरक्षा ऐन, २०४६ (यस पछि "मूल ऐन" भनिएको) को प्रस्तावनामा रहेको "सार्वभौमसत्ता," भन्ने शव्द पछि "भौगोलिक" भन्ने शव्द थपिएको छ ।

३. मूल ऐनको दफा ३ मा संशोधन : मूल ऐनको दफा ३ को,-

(१) उपदफा ३.१ मा रहेको "सार्वभौमसत्ता" भन्ने शव्द पछि "भौगोलिक" भन्ने शव्द थपिएको छ ।

(२) उपदफा ३.१ पछि देहायको उपदफा ३.१क. थपिएको छ :-

"३.१क. उपदफा ३.१ बमोजिम कुनै व्यक्तिलाई नजरबन्दमा राखिएमा स्थानीय अधिकारीले त्यसरी नजरबन्दमा राखिएको चौबीस घण्टा भित्र त्यस्तो व्यक्तिको स्थितिको बारेमा निजको परिवारको सदस्य वा नजिकको नातेदारलाई जानकारी दिनु पर्नेछ ।

तर शत्रु देशको नागरिकका हकमा यो व्यवस्था लागू हुने छैन ।"

४. मूल ऐनको दफा १२ मा संशोधन : मूल ऐनको दफा १२ मा रहेको "श्रेस्तेदारको" भन्ने शव्दको सट्टा "श्रेस्तेदार र सम्भव भएसम्म नजरबन्दमा रहेको व्यक्तिको परिवारको सदस्य वा नजिकको नातेदारको" भन्ने शव्दहरु राखिएका छन् ।

५. मूल ऐनको दफा १३ मा संशोधन : मूल ऐनको दफा १३ मा रहेको "ठहरिएमा" भन्ने शव्द पछि "वा दफा ३ को उपदफा ३.१क. बमोजिम नजरबन्दमा रहेको व्यक्तिको स्थितिको बारेमा निजको परिवारको सदस्य वा नजिकको नातेदारलाई जानकारी नदिएमा" भन्ने शव्दहरु थपिएका छन् ।

संघीय संसद सचिवालय

# सार्वजनिक सुरक्षा ऐन, २०४६ लाई संशोधन गर्न बनेको विधेयकको तीन महले

| क्र. सं. | हालको कानूनी व्यवस्था | प्रस्तावित कानूनी व्यवस्था | संशोधन गर्नुपर्नाको कारण |
|---|---|---|---|
| 1= | प्रस्तावना : नेपालको सार्वभौमसत्ता, अखण्डता वा सार्वजनिक शान्ति र व्यवस्था तथा सर्वसाधारण जनताको हित वा विभिन्न जात, जाति वा सम्प्रदायहरु बीचको सुसम्बन्ध कायम राख्न कुनै व्यक्तिलाई निवारक नजरबन्दमा राख्ने वा स्थानहद गर्ने सम्बन्धमा समयोचित व्यवस्था गर्न बाञ्छनीय भएकोले, | सार्वजनिक सुरक्षा ऐन, २०४६ को प्रस्तावनामा संशोधन : सार्वजनिक सुरक्षा ऐन, २०४६ (यस पछि "मूल ऐन" भनिएको को प्रस्तावनामा रहेको "सार्वभौमसत्ता," भन्ने शव्द पछि **"भौगोलिक"** भन्ने शव्द थपिएको छ । | नेपालको संविधानको धारा २३ मा भएको "भौगोलिक अखण्डता" भन्ने व्यवस्थासँग तादाम्यता कायम गर्न आवश्यक भएकोले । |
| 2= | दफा ३. आदेश जारी गर्ने अधिकार : ३.१ नेपालको सार्वभौमसत्ता, अखण्डता वा सार्वजनिक शान्ति र व्यवस्थामा तत्काल खलल पर्न सक्ने कुनै काम कुरा गर्नबाट कुनै व्यक्तिलाई रोक्नु पर्ने उचित र पर्याप्त आधार भएमा स्थानीय अधिकारीले निजलाई कुनै खास अवधिसम्म कुनै खास ठाउँमा नजरबन्द राख्ने आदेश जारी गर्न सक्नेछ । | मूल ऐनको दफा ३ मा संशोधन : मूल ऐनको दफा ३ को उपदफा ३.१ मा रहेको "सार्वभौमसत्ता," भन्ने शव्द पछि **"भौगोलिक"** भन्ने शव्द थपिएको छ । | नेपालको संविधानको धारा २३ मा भएको "भौगोलिक अखण्डता" भन्ने व्यवस्थासँग तादाम्यता कायम गर्न आवश्यक भएकोले । |
| 3= | व्यवस्था नभएको | उपदफा ३.१ पछि देहायको उपदफा ३.१क. थपिएको छ :- "३.१क. उपदफा ३.१ बमोजिम कुनै व्यक्तिलाई नजरबन्दमा राखिएमा स्थानीय अधिकारीले त्यसरी नजरबन्दमा राखिएको चौबीस घण्टा भित्र त्यस्तो व्यक्तिको स्थितिको बारेमा निजको परिवारको सदस्य वा नजिकको नातेदारलाई जानकारी दिनु पर्नेछ ।<br>तर शत्रु देशको नागरिकका हकमा यो व्यवस्था लागू हुने छैन ।" | नेपालको संविधानको धारा २३ उपधारा (२) मा निवारक नजरबन्दमा रहेको व्यक्तिका स्थितिको बारेमा निजको परिवारका सदस्य वा नजिकको नातेदारलाई कानून बमोजिम तत्काल जानकारी दिनु पर्नेछ । तर शत्रु देशको नागरिकका हकमा यो उपधारा लागू हुने छैन भन्ने व्यवस्था भएको र उक्त व्यवस्थासँग तादाम्यता कायम गर्न आवश्यक भएकोले । |

संघीय संसद सचिवालय

| क्र. सं. | हालको कानूनी व्यवस्था | प्रस्तावित कानूनी व्यवस्था | संशोधन गर्नुपर्नाको कारण |
|---|---|---|---|
| | | | |
| 4= | दफा १२. छोड्न पर्दा अपनाउनु पर्ने कार्यीविधि : नजरबन्दमा राखिएको कुनै व्यक्तिलाई छोड्नु पर्दा सम्बन्धित जिल्ला अदालतको न्यायाधीश वा निजको अनुपस्थितिमा श्रेस्तेदारको रोहबरमा छोड्नुपर्छ । | मूल ऐनको दफा १२ मा संशोधन : मूल ऐनको दफा १२ मा रहेको "श्रेस्तेदारको" भन्ने शव्दको सट्टा **"श्रेस्तेदार र सम्भव भएसम्म नजरबन्दमा रहेको व्यक्तिको परिवारको सदस्य वा नजिकको नातेदारको"** भन्ने शव्दहरु राखिएका छन् । | नजरबन्दबाट छुटेको जानकारी निजको परिवार र नजिकको नातेदारलाई दिन आवश्यक भएकोले । |
| 5= | दफा १३. विभागीय कारवाही हुने : यो ऐन अन्तर्गत स्थानीय अधिकारीले जारी गरेको आदेश बदनियत साथ जारी गरेको ठहरिएमा त्यस्तो अधिकारीलाई विभागीय कारवाही भई सजाय हुनेछ । | मूल ऐनको दफा १३ मा संशोधन : मूल ऐनको दफा १३ मा रहेको "ठहरिएमा" भन्ने शव्द पछि **"वा दफा ३ को उपदफा ३.१क. बमोजिम नजरबन्दमा रहेको व्यक्तिको स्थितिको बारेमा निजको परिवारको सदस्य वा नजिकको नातेदारलाई जानकारी नदिएमा"** भन्ने शव्दहरु थपिएका छन् । | ऐनले तोकेको कर्तव्य पुरा नगर्ने स्थानीय अधिकारीलाई विभागीय कारवाही गर्न आवश्यक भएकोले । |

संघीय संसद सचिवालय